## चामुण्डाविन्द्रासैनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## जम्बूकााध, दैलेख
कर्णाली प्रदेश, नेपाल

# संरचनागत कार्यविवरण

**क. सामान्य प्रशासन तथा जिन्सी शाखा**

यस शाखा अन्तर्गत ६ वटा उपशाखा तथा १ इकाई रहने (अर्को व्यवस्था नभए सम्मको लागि शाखा कायम गरिएको)

१. स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखा
२. सार्वजनिक खारिद तथा सम्पती व्यवस्थापन उपशाखा
३. स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, विषयगत शाखा र वडासँगको समन्वय उपशाखा
४. वैठक व्यवस्थापन उपशाखा
५. बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण उपशाखा
६. विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी तथा विभुषण इकाई
७. जिन्सी व्यवस्थापन उपशाखा

**ख. आर्थिक प्रशासन तथा राजश्व शाखा**

यस शाखा अन्तर्गत २ वटा उपशाखा रहने

१. आर्थिक प्रशासन शाखा
२. राजश्व शाखा
३. आन्तरिक लेखापरीक्षण शाखा

**ग. पूर्वाधार विकास तथा भवन नियमन शाखा**

यस शाखा अन्तर्गत ७ वटा उपशाखा रहने

१. सडक तथा यातायात व्यवस्थापन उपशाखा
२. जलविद्युत, उर्जा, सडक बत्ती उपशाखा
३. सिंचाइ तथा जलउत्पन्न प्रकोंप नियन्त्रण उपशाखा
४.खानेपानी व्यवस्थापन उपशाखा
५. भू उपयोग तथा वस्ति विकास उपशाखा
६. भूमी व्यवस्थापन तथा भवन नियमन शाखा
७. जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा उपशाखा
८. भवन तथा भवन सहिंता एवम् निर्माण (डिजाइन समेत) उपशाखा

**घ. आर्थिक विकास शाखा**

यस शाखाा अन्तर्गत १ कार्यालय र २ वटा उपशाखा रहने

१. कृषि, पशुपंक्षी तथा सहकारी विकास कार्यालय
२. उद्योग तथा उद्यमशिलता, र खानी तथा खनिज पदार्थको संरक्षण उपशाखा
३. रोजगार प्रवर्द्धन तथा गरिबी न्यनीकरण उपशाखा

**ङ. सामाजिक विकास शखा**

यस शाखा अन्तर्गत ३ वटा शाखा कायम गरिएको (शिक्षा, स्वास्थ्य, महिला, बालबालका तथा जेष्ठ नागरि शाखा)

२ वटा कार्यालय, १ वटा उपशाखा र ४ वटा इकाई

१. आधारभूत तथा माध्यामिक शिक्षा कार्यालय
२. खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई
३. आधारभूत स्वास्थ्य तथा सरसफाइ कार्यालय

४. लैगिंक समानता तथा सामाजिक सुरक्षा उपशाखा

५. वालवालिका, किशोरकिशोरी तथा युवा इकाई

६. अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक इकाई

७. संस्कृति, सम्पदा, ललितकला, तथा पर्यटन प्रवर्द्धन उपशाखा

**च.वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा**

यस शाखा अन्तर्गत ४ वटा उपशाखा कायम गरिएको

१. वन, वन्यजन्तु, भू-संरक्षण तथा जैविक विविधता संरक्षण शाखा

२. वातावरण, पर्यावरण एवं जलाधार क्षेत्र उपशाखा

३. फोहोरमैला व्यवस्थापन उपशाखा

४. विपद् व्यवस्थापन, वारुणयन्त्र, एम्वुलेन्स उपशाखाा

**छ. न्याय, कानुन तथा मानव अधिकार प्रर्द्धिन शाखा** (**हाललाई कानुनी सहकर्ताले काम गर्ने**)

यस शाखा अन्तर्गत  ३ वटा उपशाखा रहने छन्

१. नगर प्रहरी व्यवस्थापन उपशाखा

२. न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन उपशाखा

३. विधायन उपशाखा

**ज. योजना अनुगमन तथा तथ्यांक शाखा**

यस शाखा अन्तर्गत ४ वटा इकाइ रहने छन्

१. योजना उपशाखा

२. अनुगमन तथा मूल्यांकन इर्का

३. तथ्यांक व्यवस्थापन इकाई

४. गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन इकाई

झ. **सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण शाखा**

यस शाखा अन्तर्गत २ वटा इकाई रहने छन्

१. सामाजिक सुरक्षा इकाई

२. व्यवक्तिगत घटना दर्ता तथा पञ्जीकरण इकाई

ञ. सुचना प्रविधि शाखा

यस शाखा अन्तर्गत सुचना प्रविधि इकाई रहने छ ।

शाखा/ उपशाखा इकाईको कार्यविवरण अनुसार गनुपर्ने कामहरु

**१. सामान्य प्रशासन तथा जिन्सी शाखा**

**क. स्थानीय सेवा तथा नजनशक्ति विकास उपशाखा**

- ❖ स्थनीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड सेवाशर्त, योजना, कार्यान्वयन र नियमन
- ❖ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य
- ❖ नगरपालिकाको संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृति विकास
- ❖ स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
- ❖ मानव संशाधन विकासका लागि अल्पकालिन तथा दीर्घकालिन योजना तजुमा तथा क्षमता विकास
- ❖ नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा तथा उर्दी आदिको व्यवस्थापन
- ❖ स्थानीय शान्ती समिति सम्बन्धी कार्यहरु

**ख.सार्वजनिक खरिद तथा सम्पती व्यवस्थापन शाखा**

- ❖ नगरपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य व्यवस्थापन सम्बन्धी विषय
- ❖ नगरपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पती, सामुदायिक सम्पती तथा आफ्नो स्वामित्वमा रहेको भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार उद्योग, खानी तथा खनिज, वन जस्ता प्रकृतिक स्रोत आदिको एकिकृत विवरण सहितको अध्यावधिक अभिलेख
- ❖ सेवा तथा निर्माण व्यवसायको सञ्चालन तथा व्यवस्थापन

**ग. स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, विषयगत शाखा र वडासँगको समन्वय उपशाखा**

- ❖ संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता र प्रतिनिधित्व
- ❖ जिल्ला समन्वय समितिसँग समन्वय
- ❖ विषयगत शाखासँग समन्वय
- ❖ वडातहसँगको सम्पर्क र समन्वय
- ❖ पत्राचार, सभासमारोह शिष्टाचार

**घ. वैठक व्यवस्थापन उपशाखा**

- ❖ **कार्यपालिका तथा सभाको वैठक व्यवस्थापन**
- ❖ **कार्यपालिकाका निर्णयहरुको विद्युतीय माध्यामबाट अभिलेखीकरण तथा प्रकाशन**
- ❖ **कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको वैठक व्यवस्थापन**

**ङ.बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण उपशाखा**

- ❖ स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपुर्ति व्यवस्थापन तथा अनुगमन
- ❖ बजार तथा हाटबजार व्यवस्थापन
- ❖ उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
- ❖ स्थानीय वस्तुहरुको उत्पादन, आपुर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
- ❖ स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण
- ❖ स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन
- ❖ उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण
- ❖ खाद्य पदार्थको गुणस्तर नियन्त्रण
- ❖ खानेपानीको गुणस्तर नियन्त्रण
- ❖ स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन
- ❖ स्थानीय वौद्धिक सम्पतीको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन

च. विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी तथा विभुषण इकाई

- ❖ स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- ❖ उपाधी तथा विभुषण सम्वन्धी सिफारिस अभिलेख

ज. जिन्सी व्यवस्थापन उपशाखा

- ❖ नियमानुसार जिन्सी निरीक्षण गर्ने गराउने
- ❖ जिन्सी अभिलेखहरु राख्न लगाउने, जिन्सी सम्वन्धी आम्दानी खर्चको समेत अभिलेख राख्ने
- ❖ नगरपालिकालाई आवश्यक पर्ने जिन्सी  सामाग्रीहरु नियमानुसार खरिद तथा वितरण गर्ने
- ❖ नगरपालिका कार्यालय संचालनको लागि आवश्यक सामाग्रीहरु खरिद सम्वन्धी कार्य
- ❖ नगरपालिकाको स्थायी सम्पतीको अभिलेख राख्ने कार्य
- ❖ सामानहरु प्राप्ती अभिलेख वितरण, खर्च, सुरक्षा, सम्वन्धी कार्य
- ❖ जिन्सी सामान लिलाम तथा मिन्हा सम्वन्धी कार्य
- ❖ सवारी साधन र अन्य सामानहरुको मर्मत तथा सम्भार सम्वन्धी कार्य
- ❖ नगरपालिकाको सवारी साधनहरुको इन्धन व्यवस्थापन सम्वन्धी कार्य
- ❖ भवन तथा अन्य संरचनाको साधारण मर्मत तथा संभार सम्वन्धी कार्य
- ❖ निर्माण सामाग्रीहरुको खरिद तथा ढुवानीको व्यवस्था मिलाउने कार्य
- ❖ जिन्सी निरीक्षण गराउने कार्य
- ❖ जिन्सी मौजदातको वार्षिक विवरण तयार गर्ने कार्य
- ❖ कार्यालयमा रहेका सवारीसाधनहरुको इजाजत नवीकरण सम्वन्धी कार्य
- ❖ कागजात धुल्याउने सम्वन्धी कार्यमा सहयोग गर्ने
- ❖ सफ्ट वयर संचालनको व्यवस्था मिलाउने
- ❖ प्रगति प्रतिवेदन तथा अन्य विवरण तयारी सम्वन्धी कार्य
- ❖ यस शाखा अन्तर्गत रहेका कर्मचारीहरुको निरीक्षण एवं मूल्यांकन गरि आफ्नो राय समेत कार्यालय प्रमुख समक्ष पेश गर्ने
- ❖ प्रचलित कानुन र प्रमुख प्रशासकीय अधिकृतको निर्देशन अनुसार अन्य कार्य गर्ने
- ❖ शाखा प्रमुख एवं कार्यालय प्रमुखले लाए अह्राएको अन्य कार्य गर्ने

२. आर्थिक प्रशासन,  राजश्व तथा आन्तरिक लेखा परीक्षण शाखा

क. आर्थिक प्रशासन शाखा

- ❖ आर्थिक (कार्यविधि) नीति, कानुन मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन
- ❖ संचित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
- ❖ बजेट सीमा निर्धारण, बजेट तजुमा, कार्यान्वयन र नियमन
- ❖ लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसञ्चालन, कोष तथा अन्य सरकारी कोष तथा सम्पतीको एकिकृत विवरण
- ❖ समष्टिगत आर्थिक अवस्थाको विष्लेषण
- ❖ ऋण तथा अनुदानको व्यवस्थापन र नियमन
- ❖ लगानी प्रक्षेपण (सरकारी, सहकारी तथा निजी) र वित्तिय व्यवस्थापन
- ❖ लगानी र लाभांशको व्यवस्थापन (जनसहभागिता तथा सामुदायिक लगानीको अभिलेख समेत)
- ❖ कारोवारेको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन
- ❖ राजश्व तथा व्ययको अनुमान

- ❖ आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय

ख. राजश्व शाखा

- ❖ राजश्व सम्वन्धी नीति, कानुन तजुमा, कार्यान्वयन र नियमन (राजश्व चुहावट नियन्त्रण समेत)
- ❖ एकिकृत सम्पती कर, घर वहाल कर, घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क, दस्तुर पर्यटन शुल्क, विज्ञापन कर, व्यवसायक कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, सवारी साधन कर, सेवा शुल्क दस्तुर, वहालविरौटी कर, घरजग्गा कर, मृत वा मारिएको जिवजन्तुको हाड, सिंह, प्वाख, छालामा कर, प्राकृतिक स्रोतसाधन, व्यवसायिक कर सम्वन्धी नीति, कानुना मापदण्ड, कार्यान्वयन, वाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन ।
- ❖ सार्वजनिक खर्च तथा प्रककृतिक स्रोतबाट प्राप्त हुने रो्यल्टी सम्बन्धी नीति, कानुन मापदण्ड तथा नियमन र सोको संकलन तथा बाँडफाँड
- ❖ आफ्नो क्षेत्रभित्र राजश्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानुन, बमोजिम प्रकृतिक स्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी संकलन समन्वय र नियमन
- ❖ स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन ।
- ❖ मालपोत संकलन
- ❖ कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, स्लेट जस्ता खानी पदर्थको सर्वेक्षण, अन्वेषण, उत्खनन्, र सो सम्वन्धी रोयल्टी संकलन
- ❖ सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन
- ❖ पानी घट्ट, कुलो जस्ता सेवा संचालनबाट प्राप्त रोयल्टी संकलन
- ❖ प्राकृतिक स्रोतको उपयोग सम्वन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना
- ❖ प्रचलित कानुन बमोजिम दण्ड जरिवाना
- ❖ बाँकी वक्यौता रकमको लगत र असुलउपर
- ❖ करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक
- ❖ वित्तीय स्रोतसाधनको समतामुलक वाँडफाँड
- ❖ आर्थिक साधनको महत्व उपयोग तथा परिचालन
- ❖ राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था
- ❖ स्थानीय राजश्व प्रवर्द्धनका लागि प्रोत्साहान
- ❖ राजश्वको सम्भाव्यता अध्ययन
- ❖ राजश्व सुचना तथा तत्थांकको आदान प्रदान
- ❖ संघीय तथा प्रदेश कानुन बमोजिम वजेट घाटापुर्तिको स्रोत अवस्था

**ग. आन्तरिक लेखापरीक्षण शाखा**

- ❖ आन्तरिक तथा पूर्व लेखापरीक्षण
- ❖ लेखापरीक्षण विवरण (बेरुजुको लगत समेतको अभिलेख व्यवस्थापन
- ❖ अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- ❖ लेखापालन सम्वन्धी क्षमता विकास कार्य

**३ पूर्वाधार विकास तथा भवन नियमन शाखा**

क. सडक तथा यातायात व्यवस्थापन उपशाखा

- ❖ स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक तथा यातायात सम्वन्धी नीति कानुन र मापदण्ड तथा नियमन
- ❖ स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, झोलुंगे पुल पुलेसा र तटवन्धन सम्वन्धी गुरुयोजनाको, तर्जुमा, कार्यान्वयन र स्तरउन्नतीका आयोजनाहरुको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार
- ❖ यातायात सुरक्षा व्यवस्थापन र नियमन

- ❖ स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन
- ❖ ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन
- ❖ वानावरण मैत्री, जलवायु परिवर्तन अनुकुलन, अपांगता र लैंगिकमैत्री यातायात प्रर्णालीको प्रवर्द्धन
- ❖ आधारभूत यातायात सम्वन्धमा प्रदेश सरकारसँग समन्वय
- ❖ यातायात क्षेत्रमा लगानी अभिवृद्धि
- ❖ यातायात सुविधामा नागरिकको सरल र समान पहुँच
- ❖ यातायात क्षेत्रमा वातावरण मैत्री प्रविधिलाई प्रोत्साहान
- ❖ निजी यातायात नियमन व्यवस्थापन

**ख. जलविद्युत, उर्जा, सडक वत्ती उपशाखा**

- ❖ साना जलविद्युत आयोजना, नवीकरणीय ऊर्जा तथा वैकल्पिक ऊजा सम्वन्धी नीति कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ वैकल्पिक ऊर्जा सम्वन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रवर्द्धन
- ❖ विद्युत वितरण प्रर्णाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- ❖ जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको वहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- ❖ स्थानीय विद्युत वितरण प्रर्णाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- ❖ सडक वत्तीको व्यवस्था

**ग. सिंचाइ तथा जलउत्पन्न प्रकोर्पा नियन्त्रण उपशाखा**

- ❖ सिंचाइ सम्वन्धी नीति, कानुन, मापदण्ड निर्धारण र नियमन
- ❖ सिंचाइ सम्वन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तर उन्नतीका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन
- ❖ स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रर्णालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र संकलन व्यवस्थापन
- ❖ तटवन्धन, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन
- ❖ साना जलउपयोग सम्वन्धी आयोजना तजुमा, कार्यान्वयन र अनुगमन

**घ. खानेपानी व्यवस्थापन उपशाखा**

- ❖ स्थानीय खानेपानी सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ खानेपनी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- ❖ सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन
- ❖ पानीका मुहानको संरक्षण
- ❖ स्वाच्छ खानेपानी आपुर्ति सम्वन्धी अन्य विषय

**ङ. भू-उपयोग तथा वस्ति विकास उपशाखा**

- ❖ स्थानीय सार्वजनिक-निजी साझेदारी सम्वन्धी स्थानीय नीति, योजना निर्माण
- ❖ स्थानीय सार्वजनिक-निजी साँझेदारीका आयोजना छनौट तथा कार्यान्वयन
- ❖ सार्वजनिक सामुदायिक साँझेदारी
- ❖ स्थानीय विकासमा निजी क्षेत्रको प्रवर्द्धन

**७. भूमी व्यवस्थापन तथा भवन नियमन शाखा**

क. भू-उपयोग तथा वस्ती विकास उपशाखा

- ❖ शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- ❖ आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन

- ❖ नगरपालिकामा अव्यवस्थीत बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- ❖ आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- ❖ योजनाबद्ध र व्यबस्थीत वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन
- ❖ एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
- ❖ आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
- ❖ व्यवस्थीत बस्ती बिकासका कार्यक्रको तर्जुमा र कार्यान्वयन
- ❖ संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्बासी पहिचान र अभिलेख व्यवस्था
- ❖ स्थानीयस्तरमा सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास वयवस्था
- ❖ एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन

**ख. जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा उपशाखा**

- ❖ घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन
- ❖ भूमिको वर्गीकरण अनुसारको लगत
- ❖ जग्गाको कित्ताकाट र भूमी लगत (नक्सा, स्रेस्ता) निमार्ण र संरक्षण
- ❖ सरकारी प्रयोजनका लागि जग्गा प्राप्ती, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजिकरण
- ❖ जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- ❖ विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत

**ग. भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) उपशाखा**

- ❖ भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- ❖ राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- ❖ भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन
- ❖ पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण,
- ❖ सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार

**४. आर्थिक विकास शाखा**

कृषि सहकारी तथा पशुपंक्षी विकास कार्यालय

क. कृषि

- ❖ कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ कृषि बजार सूचना, कृषि वजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपुर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन ।
- ❖ कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- ❖ कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरषण र प्रवर्द्धन
- ❖ कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- ❖ उच्चमूल्य यूक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण
- ❖ कृषि सम्वन्धी बीमा र कर्जा सहजीकरण
- ❖ शितभण्डारको व्यवस्थापन
- ❖ कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तीकरण
- ❖ कृषि विउविजन, नश्ल, मलखाद र रसायन, तथा औषधीहरुको आपुर्ति, उपयोग र नियमन
- ❖ कृषि समुह, कृषि सहकारी र कृषि सम्वन्धी स्थानीय संघ संस्थाहरुको समन्वय, व्यवस्थापन र नियमन

- ❖ कृषि सम्वन्धी प्राविधिक संरक्षण र हस्तान्त्रण
- ❖ कृषि तथ्यांकको व्यवस्थापन र सूचना प्रर्णाली तथा कृषि सम्वन्धी सूचनाको प्रचारप्रसार
- ❖ कृषि स्रोत केन्द्रको सथापना र व्यवस्थापन

ख.पशुपंक्षी

- ❖ पशुपालन र पशु स्वास्थ्य सम्वन्धी स्थानीय नीति कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
- ❖ पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- ❖ पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन
- ❖ पशुनश्ल सुधार पद्धती विकास र व्यवस्थापन
- ❖ पशुपंक्षी सम्वन्धी विमा र कर्जासहजीकरण
- ❖ स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
- ❖ पशुआहाराको गुणस्तर नियमन
- ❖ स्थानीय स्तरमा पशुपंक्षी सम्वन्धी तथ्यांकको व्यवस्थापन र सूचना प्रर्णाली
- ❖ पशुवधशाला र शीत भण्डारको व्यवस्थापन र नियमन
- ❖ पशुपालन तथा पशु स्वास्थ्य सम्वन्धी अन्य कार्य

**ग. सहकारी**

- ❖ सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- ❖ स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- ❖ सहकारी बचत तथा ऋण परिचालन सम्वन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन
- ❖ सहकारी सम्बन्धी राष्ट्रिय केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य
- ❖ सहकारी सम्बन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान
- ❖ स्थानीय सहकारीको क्षमता विकास
- ❖ स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन

घ. उद्योग तथा उद्यमशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षण उपशाखा

**उद्योग**

- ❖ लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन
- ❖ लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन
- ❖ उद्यमशिलता प्रवर्द्धन
- ❖ व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
- ❖ सीप विकास सम्वन्धी कार्यको प्रवर्द्धन

**ङ.खानी तथा खनिज**

- ❖ खानी तथा खनिज पदार्थको संरक्षण सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, तथा योजनाको कार्यानवयन र नियमन
- ❖ ढुंगा, गिट्टी वालुवा, माटो, नुन, स्लेट, खरिढुंगा खानीजन्य वस्तुको सर्वेक्षण, अन्वेषण, उत्खनन्
- ❖ ढुंगा, गिट्टी वालुवा, माटो, नुन, स्लेट, खरिढुंगा खानीजन्य आदि वस्तुको संरक्षण विकास, उत्खनन् र उपयोग सम्वन्धी दर्ता, अनुमति, नवीकरण र व्यवस्थापन ।
- ❖ खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन
- ❖ भौगोलिक नक्सा प्रकाशन

च. रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण उपशाखा

- ❖ गरिबी निवारण सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान

- ❖ गरिबी निवारणको स्थानीय रणनीति तर्जुमा
- ❖ गरिब घरपरिवार पहिचान सम्वन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
- ❖ गरिबी निवारण सम्वन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय स.स्थागत सम्पर्क, समन्वय र सहकार्य
- ❖ रोजगार तथा वेरोजगारहरुको तथ्यांक संकलन, प्रशोधन र सूचना व्यवस्थापनु
- ❖ स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापनध
- ❖ पहिचान भएका गरिव घरपरिवार एवं लक्षीत समुह सम्वन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन
- ❖ संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासीको पहिचान र अभिलेख व्यवस्थापन
- ❖ सुकुम्वासी सम्वन्धी जिविकोपार्जन र बसोबास व्यवस्थापन
- ❖ रोजगारीका अवसर सृजना सम्वन्धी

**५ सामाजिक विकास शखा**

**क. आधारभूत तथा माध्यामिक शिक्षा कार्यालय**

- ❖ प्रारम्भिक वाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, (गुरुकुल मदरसा, गुम्बा आदि) निरन्तर सिकाई तथा विशेष शिक्षा सम्वन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन
- ❖ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तजुमा, सञ्चालन, अनुमति र नियमन
- ❖ पाठ्यक्रम र पाठ्यसामाग्रीको  वितरण तथा कार्यान्वयन
- ❖ विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन
- ❖ विद्यालयको नक्सांकन, अनुमति, स्वीकृत, समायोजन तथा नियमन
- ❖ शैक्षिका पूर्वाधार निर्माण र मर्मत सम्भार
- ❖ आधारभूत तह कक्षा ८ को परीक्षा व्यवस्थापन
- ❖ विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन
- ❖ विद्यार्थी प्रोत्साहान तथा छात्रवृतिको व्यवस्थापन
- ❖ शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन
- ❖ स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
- ❖ माध्यामिकतह सम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- ❖ पुस्तकालय तथा पत्रपत्रिका
- ❖ स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थान

**ख. खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई**

- ❖ स्थानीयस्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय
- ❖ खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
- ❖ खेलकुदको विकास र प्रवर्द्धन
- ❖ खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
- ❖ अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय

**ग. आधारभूत स्वास्थ्य तथा सरसफाइ कार्यालय**

- ❖ आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानुन, मापदण्ड,  योजनाको निर्माण, कार्यानवयन र नियमन
- ❖ राष्ट्रिय तथा  प्रादेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण
- ❖ राष्ट्रिय तथा  प्रादेशस्तरीय मापदण्ड अनुरुप जलरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन
- ❖ आधारभूत स्वास्थ्य संस्थाको सञ्चालन र प्रवर्द्धन
- ❖ अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
- ❖ स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- ❖ सरसफाइ सचेतनाको अभिवृद्धि

- ❖ रक्तसञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा
- ❖ औषधी पसल सञ्चालन र नियमन
- ❖ औषधीजन्य वनस्पति, जटिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
- ❖ स्वास्थ्य बिमा लगाएतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन
- ❖ औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन
- ❖ औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण
- ❖ औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण
- ❖ स्वास्थ्य सूचना प्रर्णालीको व्यवस्थापन
- ❖ जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
- ❖ प्रवद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, प्यालिर्एटिभ स्वास्थ्य सेवाको सञ्चालन
- ❖ स्वास्थ्य जीवनशैली, पोषण, शारीरिक व्यायम, योग अभ्यास, स्वास्थ्य वृतको पालना, पञ्चकर्म लगाएतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन
- ❖ जुनोटिक, किटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन
- ❖ सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि
- ❖ आयुर्वेदिक, यूनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक, चिकित्सा लगाएतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन
- ❖ जनस्वास्थ्य, आपत्कालित स्वास्थ्य तथा महामारीको नियन्त्रण र कार्यान्वयन
- ❖ सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम
- ❖ आकस्मिक स्वास्थ्य सेवा प्रवाह

**घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा उपशाखा**

लैंगिक समानता इकाई

- ❖ महिला हक सम्बन्धी नीजि, योजना कार्यान्वयन, समन्वय र नियमन
- ❖ महिलाको आर्थिक, सामाजिक, राजनितिक, सशक्तिकरण, क्षमता विकास
- ❖ लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना
- ❖ लैंगिक उत्तरदायी बजेट

**ङ. वालवालिका, किशोर किशोरी तथा युवा इकाई**

- ❖ बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ बालबालिकाको हकहीत संरक्षण
- ❖ बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल
- ❖ बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,
- ❖ बालबालिका परिवार सहयोग
- ❖ बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- ❖ बाल न्याय
- ❖ बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन
- ❖ असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन
- ❖ बाल हिंसा नियन्त्रण
- ❖ बालसुधार तथा पुनः स्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन
- ❖ आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन
- ❖ युवा जागरण, सशक्तिकरण र परिचालन
- ❖ युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास

च. अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक इकाई

- ❖ जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य
- ❖ जेष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
- ❖ संघ तथा प्रदेशसँगको समन्वयमा अपांगता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन
- ❖ अपांगता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- ❖ अपांगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
- ❖ अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य
- ❖ एकल महिला सम्बन्धी कार्य

ज. संस्कृति, सम्पदा,ललितकला तथा पर्यटन प्रबर्द्धन उपशाखा

- ❖ भाषा, संस्कृति र ललितकालाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीत, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ पुरातत्व, प्राचीन स्मारक तथा संग्राहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास
- ❖ परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- ❖ स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन
- ❖ पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन
- ❖ पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन
- ❖ पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन
- ❖ भाष, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धन र विकास

६. वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा

क. वन, वन्यजन्तु, भू-संरक्षण तथा जैविक विविधता संरक्षण शाखा

- ❖ वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन
- ❖ वन उपभोक्ता समूहको व्यवस्थापन
- ❖ मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन
- ❖ नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन
- ❖ निजी तथा व्यवसायीक वनको प्रबर्द्धन र नियमन
- ❖ सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन
- ❖ जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, संकलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन
- ❖ वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन
- ❖ नर्सरी स्थापना, बिरुवा उत्पादन, बितरणर रोपण र प्रवर्द्धन
- ❖ वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन
- ❖ वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन
- ❖ स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन
- ❖ स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन
- ❖ स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन
- ❖ वन,वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान

- ❖ रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन
- ❖ मिचाहा प्रजातिको नियन्त्रण
- ❖ जैविक विविधताको अभिलेख
- ❖ सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम
- ❖ भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन
- ❖ जलवायू परिवर्तन अनुकुलन कार्य
- ❖ आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रर्बद्धन, व्यवस्थापन

**ख. वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र उपशाखा**

- ❖ स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन
- ❖ बृक्षारोपण, हरियालीलतथा हरित क्षेत्रको प्रवर्द्धन
- ❖ वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण
- ❖ हानिकारक पदार्थहरुको नियमन तथा नियन्त्रण
- ❖ वातावरणीय जोखिम न्यूनीकरण
- ❖ न्यून कार्वनमुखी तथा बातावरणमैत्री विकास अवलम्बन
- ❖ वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन
- ❖ पहिरो नियन्त्रण
- ❖ जलवायू परिवर्तन अनुकुलन कार्यक्रम

**ग. फोहरमैला व्यवस्थापन उपशाखा**

- ❖ फोहोरमैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निधारण र नियमन
- ❖ ल्याण्डफिल साईट व्यवस्थापन
- ❖ सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन
- ❖ सार्वजनिक शौचालय व्यवस्थापन

**घ. विपद व्यवस्थापन, बारुण यन्त्र, एम्वुलेन्स उपशाखा**

- ❖ विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन
- ❖ विपद् पूर्व तथारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना
- ❖ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना
- ❖ विपद् पूर्व तथारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
- ❖ विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण
- ❖ विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
- ❖ विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन
- ❖ विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निमार्ण
- ❖ विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- ❖ प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी
- ❖ विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणली सम्बन्धी कार्याक्रमको तर्जुमा र कार्यान्वयन
- ❖ बारुण यन्त्र तथा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन
- ❖ स्थानीय आपतकालिन कार्य सञ्चालन प्रणाली

## ८. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन शाखा

क. नगर प्रहरी व्यवस्थापन उपशाखा

- ❖ संघीय तथा प्रदेश कानूनको अधिनमा रहि नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- ❖ नगर प्रहरी मार्फत देहायका कार्य सम्पादन गर्ने ,
- ❖ नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,
- ❖ सम्पत्तिको संरक्षण
- ❖ नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जत्रा चाडपर्वको व्यवस्थापनमा सहयोग
- ❖ स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
- ❖ नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन,
- ❖ गाउ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसुर उपर छानविन र अनुसन्धान
- ❖ स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग
- ❖ कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- ❖ विपद् व्यवस्थापनमा सहयोग
- ❖ अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग
- ❖ फुटपाथ व्यवस्थापन
- ❖ निर्माण नियमन
- ❖ गुणस्तर नियन्त्रण
- ❖ नगर प्रहरी सम्बन्धी अन्य कार्य ।

ख. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन उपशाखा

- ❖ न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्माण तथा फैसला कार्यान्वयन
- ❖ न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य
- ❖ न्याय तथा कानूनी राज्यको परिपालना
- ❖ मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन
- ❖ व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- ❖ न्यायिक निर्णय तथा फैसला कार्यान्वयन

ग.विधायन उपशाखा

- ❖ कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन र समन्वय
- ❖ नीति, कानूनको प्रमाणीक प्रतिको संरक्षण, प्रकासन र अभिलेख
- ❖ विधायन सम्बन्धी अन्य कार्य ।

९. योजना, अनुगमन तथा तथ्यांक शाखा

क) योजना उपशाखा

- ❖ विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन
- ❖ स्थानीय विकास नीति, अल्पकालीन, मन्धकालीन तथा दीर्घकालिन विकास योजना एवं गुरुयोजनातर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन
- ❖ आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तजुर्मा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन
- ❖ बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन
- ❖ विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- ❖ विकास योजनाहरुको वातावरणयि प्रभाव मूल्यांकन
- ❖ उपभोक्ता समितिको विवरण, क्षमता विकास
- ❖ विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण
- ❖ संघीय र प्रदेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजिकरण र सहयोग
- ❖ विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

ख. अनुगमन तथा मुल्यांकन उपशाखा

- ❖ विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा
- ❖ विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिय निर्धारण
- ❖ आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्यांकन
- ❖ विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन

ग. तथ्यांक व्यवस्थापन उपशाखा

- ❖ तथ्यांक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्यवन र नियमन
- ❖ सूचना तथा अभिलेख केन्द्रको सथापना तथा सञ्चालन
- ❖ स्थानीय तथ्यांक संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण
- ❖ आधारभूत तथ्यांक संकलन र व्यवस्थापन : जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानब विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख
- ❖ बेरोजगारको तथ्यांक संकलन
- ❖ स्थानीय व्यापार, व्यवसायको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान
- ❖ सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्यांक र सूचना व्यवस्थापन
- ❖ सम्पन्न भएका तथा चालु योजनाको विवरण
- ❖ बिषय/क्षेत्रगत सूचना, तथ्यांकको संकलन, अभिलेख
- ❖ प्रदेश तथा संघसँग तथ्यांक एवं सुचना आदानप्रदान र समन्वय
- ❖ सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख(प्रोफाईल) व्यवस्थापन
- ❖ नगरपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम र बजेट स्वीकृति ।

**घ.गैरसरकारी संस्थापरिचालन, समन्वय तथा नियमन उपशाखा**

- ❖ स्थानियस्तरमा समाजकल्याण सम्बन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघ संस्था) को दर्ता, नविकरण, परिचालन तथा नियमन
- ❖ गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन

- निजी तथा गैरसरकारी क्षेत्र सँग समन्वय र सहकार्य
- सामाजिक संघ संस्था सम्बन्धी अन्य विषय

**१०. सामाजिक सुरक्ष कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता उपशाखा**

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- संघ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन
- आधुनिक प्रबिधिमार्फत व्यक्तिगत घटना दर्ता ( जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री) अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

११. सुचना प्रविधि शाखा

यस शाखा अन्तर्गत सुचना प्रविधि इकाई रहने छ ।

- कार्यालयका सूचना तथा जानकारी web-site मा राख्ने
- संघ तथा प्रदेश सरकारबाट प्राप्त सूचना, जानकारी, नीति, कानुन तथा मार्गदशन कार्यालयलाई उपलब्ध गराउने
- सम्वन्धित सफ्टवयरहरुमा आवश्यक तथ्यांक अपलोड गर्ने
- इन्टरनेट सम्वन्धी कार्य गर्ने

**द्रष्टब्य** : नगर कार्यपालिकाले माथि उल्लेखित विषयक्षेत्र समेट्ने गरी आफ्नो आवश्यकता र प्राथमिकता अनुरुप कार्यालय, शाखा वा उपशाखा वा इकाई सहतिको प्रशासनिक ढाँचा स्वीकृत गरी लागू गर्न सक्नेछ ।